**A Quarterly Publication of Press Council Nepal**

# संहिता
SAMHITA

प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन
पुस, २०७५ । उनन्चालीसौं अंक

**सम्पादक**
किशोर श्रेष्ठ

**प्रवन्ध सम्पादक**
खिलबहादुर भण्डारी

**सम्पादन सहयोगी**
जगदीशप्रसाद पौडेल
दीपक खनाल

**आवरण/ले-आउट**
गीता पराजुली
शिव वि.क. (मिलन)

**कभर**
रविन सायमी

प्रेस काउन्सिल नेपाल
PRESS COUNCIL NEPAL
स्था. २०२७ – ESTD. 1970

प्रकाशक : प्रकाशन तथा अनुसन्धान उपसमिति
पो.ब.न.: ३०७७, सञ्चारग्राम, तिलगंगा, काठमाडौं, नेपाल
फोन : ९७७–१–४११२७९९, ४११२६७८, फ्याक्स : ९७७–१–४११२६९४
इमेल : presscouncilnepal@gmail.com
वेबसाइट : www.presscouncilnepal.org
मुद्रण : उदय प्रिन्ट मिडिया प्रा.लि.


# सम्पादकीय

## पहिलेको काउन्सिल, अहिलेको काउन्सिल

इतिहास पढ्दा अचम्म लाग्छ- कुन उद्देश्यका साथ स्थापना भएको थियो, प्रेस काउन्सिल नेपाल ? र, आज यो कुन दिशातर्फ केन्द्रित छ ?

०२७ साल असोज ११ गते प्रेस काउन्सिल नेपालको पहिलो बैठक बसेको रहेछ । पछि प्रधानन्यायाधीशसमेत रहनुभएका विश्वनाथ उपाध्याय, वरिष्ठ पत्रकार मणिराज उपाध्याय, पशुपतिदेव पाण्डे, गोपालदास श्रेष्ठ, धनुषचन्द्र गौतम, रमेशनाथ पाण्डे, सुरेन्द्रबहादुर बस्नेत, लक्ष्मीराज भक्त, सुन्दरप्रसाद शाह, मीनबहादुर जोशी, खिलेन्द्रप्रसाद पाण्डे उपस्थित उक्त बैठकको पहिलो निर्णय नै प्रेसलाई रेट्ने खालको थियो । २०४८ सालमा जारी २६ वर्ष पुरानो र छापामाध्यम केन्द्रित कानुनका आधारमा अहिलेको काउन्सिल चलिरहेको छ । र, अनलाइन मिडियाहरूको समेत विवरण अद्यावधिक र अनुगमन गरिरहेको छ । दुई हजार साठीको दशकपछि फस्टाएको न्यु मिडियालाई हेर्ने क्षेत्राधिकारसम्बन्धी कुनै स्पष्ट कानुनी व्यवस्था भैसकेको छैन । यद्यपि सरकारले जिम्मेवारी प्रदान गरेअनुसार त्यो काम पनि काउन्सिलले हेरिरहेको छ । कानुन तोडेको, आचारसंहिता उल्लंघन गरेको, भ्रम, अफवाह, होहल्ला फैलाएको, झूटो समाचारको खेती गरेको नाममा समातिएका अनलाइनसम्बद्ध पत्रकारहरूलाई पनि त्यसो गर्न हुन्न, आचारसंहिता तोड्ने गरी समाचार लेख्नु हुन्न भन्दै सचेत गराउने प्रेस काउन्सिल त्यो अभियोगमा प्रहरीद्वारा पक्राउ गरिएका पत्रकारलाई छुटाउने काममा समेत संलग्न रहँदै आएको छ। आचारसंहिता पढाउने गुरु, अभिभावकसँगै संरक्षकको रूपमा प्रेस काउन्सिलले भूमिका निभाउनु परेको यो बाध्यात्मक अवस्था हो । राजु बस्नेत, सुशील पन्त, गोपाल चन्द, रवी धामीसहितका पत्रकारलाई विद्युतीय कारोबार ऐन देखाएर कानुनी कारवाही गर्न लागिँदा प्रेस काउन्सिल नै अग्रसर भई प्रेसको हकमा त्यस्तो कानुन आकर्षित नगरियोस् भन्दै कारवाहीको प्रक्रिया काउन्सिलतिरै ल्याइएका प्रशस्तै उदाहरण छन् ।

अघिल्लो महिना 'नेकपा अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल



श्रीमान अध्यक्ष ज्यू
प्रेस काउन्सिल नेपाल, काठमाडौं

मिति– २०६५/०८/१३ गते

विषय – सहयोग एवं समन्वय गरिदिने बारे

महोदय,
उपरोक्त सम्बन्धमा म पोखरपाटी डट कम मा सम्पादकको रुपमा कार्यरत रहेको छु। यो अनलाइन प्रेस काउन्सिल, सूचना तथा सञ्चार मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सम्बन्धित आवश्यक ठाउँमा सूचिकृत भएको समेत जानकारी गराउँदछु।
यसै सिलसिलामा पोखरपाटी अनलाइनमा प्रकाशित समाचारलाई लिएर २०६५/८/११ गतेका दिन मलाई महानगरीय प्रहरी अपराध महाशाखाले गिरफ्तार गरी हिरासतमा राखेको हुँदा आवश्यक सहयोग र समन्वय गरि हाम्रो अनलाइनमा प्रकाशित समाचारलाई प्रेस काउन्सिल मार्फत हुन गरी सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।
साथै म लगायत मेरो सञ्चार गृह पत्रकार आचारसंहिता प्रति पूर्ण जिम्मेवार हुँदै पेशागत मर्यादा प्रति जिम्मेवार छौं। साथै अनलाइनमा प्रकाशित समाचारलाई त्रुटी हुन नदिन प्रयासरत रहेछु।

गोपाल चन्द
सम्पादक
पोखरपाटी अनलाइन डट कम
हाल [illegible]

प्रेस काउन्सिल
दर्ता नं. १४९३
मिति २०६५/८/१४
बुझ्नेको सही


दाहाल 'प्रचण्ड' माथि खुकुरी प्रहार' भनी विभिन्न अनलाइनमार्फत भाइरल बनाइएको समाचारको विषयलाई लिएर एकजना पत्रकार गोपाल चन्द पक्राउ पर्नुभयो । प्रहरीले छापामार शैलीमा, प्रेस काउन्सिललाई जानकारी नदिई पक्राउलगत्तै अदालतबाट म्याद थप्ने काम भयो । हिरासतबाट गोपाल चन्द प्रेस काउन्सिलको सम्पर्कमा आउनुभयो र पत्रमार्फत आफ्ना कमिकमजोरी स्वीकार्दै, आगामी दिनमा भूल नहोऱ्याउने र पत्रकार आचारसंहिताको पूर्ण परिपालना गर्ने प्रतिबद्धता जनाउनुभयो । प्रेस काउन्सिलले पत्रकारले दुःख पाएको स्थितिलाई टुलुटुलु हेरीबस्न सक्दैनथ्यो । त्यसैले प्रहरीलाई यथाशक्य चाँडो मुद्दा टुंगो लगाउने गरी प्रक्रिया अगाडि बढाइहाल्न पत्र लेख्यो ।

यो काम आफैंमा 'स्थापनाको उद्देश्यविपरीत'को त हुँदै हो। तर, पत्रकारहरूकै बाहुल्यता रहेको र प्रेसलाई मर्यादित, जिम्मेवार, विश्वसनीय बनाउने स्वायत्त निकाय भएकाले यस्ताखाले पहलकदमी बेलाबखत लिने गरिएको छ। सँगसँगै पत्रकारलाई आचारसंहिता पालनामा सजग गराउने, गल्ती गरेकालाई थप क्षति हुन नदिन संरक्षकको भूमिका निभाउने कामसमेत भएको छ ।

आधुनिक प्रविधिको विकाससँगै परम्परागत मिडियाहरू न्यु मिडियामा रूपान्तरण भएका छन् । तर, व्यावसायिक शुद्धता भने ओरालो लाग्दैछ । संख्या विस्तार भएता पनि गुणस्तरीयता बढेको छैन । पञ्चायतकालमा जस्तो खोज पत्रकारिता हराएको अवस्था छ । पदम ठकुराठीले गोली खाएर धानेको पत्रकारिता आज त्यस्तो चुनौति मोल्न तयार छैन । र, छिटो मुनाफा कमाउने, छिटो लोकप्रिय हुने प्रतिस्पर्धा जारी छ । हामीले निर्मला पन्तको बलात्कारपछि हत्या प्रकरणमा प्रहरी प्रशासन र सरकारलाई मात्र दोष लगायौं । यसरी नागरिक कर्तव्य पूरा हुन सक्दैन । सरकारले गल्ती गरेको छ भने खोजी गरेर योचाहिँ सही हो भनी पत्रकारले पनि ल्याउन सक्नुपर्छ । सरकार चुकेको छ भने पत्रकारिताजगत पनि यसमा चुकेको मान्नुपर्छ । किनभने, पत्रकारले पनि अहिलेसम्म सत्य विवरण ल्याउन सकेका छैनन् । आज राष्ट्रपति, प्रधानमन्त्री,

गृहमन्त्री, सचिव, आइजिपी सबैले ऐया-आत्थो भन्नुपर्ने अवस्था किन आयो ? बन्दुकले हानेर वा चक्कुले घोचेर हैन, कलमले रोपी-रोपी, लेखी-लेखी सबैको हुर्मत लिइँदै गरेको अवस्था छ । हामीले टाउको फुटाएर ल्याएको स्वतन्त्रता यसैको लागि हो र ? भन्नुपर्ने अवस्था आएको छ ।

कहिलेकाँही अराजकताले प्रतिगमन पनि निम्त्याउन सक्छ । विश्वमा यस्तो उदाहरण थुप्रै छन् । चोरढोकाबाट विद्युतीय कारोबार (नियन्त्रण तथा सजायँ) ऐन आएकै हो । हिजो गाली बेइज्जती ऐन, छापाखाना तथा प्रकाशन ऐन हुँदाहुँदै त्यतिले नपुगेर अलग्गै साइबर कानून आयो । गत भदौ १ गतेदेखि नयाँ देवानी तथा फौजदारी संहिता पनि आएकै हो । हामी 'भ्वाइस फर भ्वाइसलेस' हुनुपर्ने (आवाजहीनको आवाज) मा राइट टु इन्फर्मेशन र राइट टु प्राइभेसी (सूचनाको हक र गोपनीयताको हक) जस्ता संविधानका धारालाई भुलेर पत्रकारमाथि आचारसंहिता उल्लंघनमा कारवाही गर्नुपर्ने निकायले गल्तीलाई पनि ढाकछोप गर्ने अवस्थामा पुग्नु निश्चय नै अप्ठेरो परिस्थिति हो । प्रेस काउन्सिलले २०२७ साल असोज ११ गते लिएको पहिलो निर्णय के थियो त ? यहाँनेर एकचोटी स्मरण गर्न जरुरी छ - दैनिक नेपाल टाइम्सलाई भदौ २९ गते सरकारले चिनियाँ अभिप्रायः शीर्षकमा प्रकाशित सम्पादकीयलाई लिएर छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन २०१९ को संशोधित दफा ३० को उपदफा १ अन्तर्गत रोक लगाएको रहेछ । त्यसनिम्ति गृहपञ्चायत मन्त्रालयले २०२७/०७/०४ मा चलानी नं. १६८ को पत्रसहित राय माग्यो । र, त्यही विषयको छलफलका निम्ति प्रेस काउन्सिलको बैठक हतार-हतार डाकियो । सोही बैठकले गरेको निर्णय यस्तो छ, "सम्बन्धित कागजातसहित पठाइएको फाइल प्राप्त भई उपरोक्त आदेशको सम्बन्धमा विचार विमर्श हुँदा सो पत्रिकाले मिति ०२७/०५/२९ गतेको अंकको



सम्पादकीय श्री ५ महाराजधिराज सरकारप्रति अवहेलना गराउने गरी, व्यङ्ग्यात्मक ढंगले प्रकाशित गरिएको देखियो । तसर्थ, सो पत्रिकालाई रोक लगाउन सरकारले दिएको आदेश मनासिब ठहरी सोही परामर्श श्री ५ को सरकारलाई दिने सर्वसम्मत निर्णय भयो ।"

सरकारले पत्रपत्रिकालाई आफैँ दमन गर्ने र दुनियाँलाई देखाउनका लागि रक्षा कवचको रूपमा प्रेस काउन्सिललाई देखाउने उदाहरण योमात्र होइन । प्रजातान्त्रिक व्यक्तित्वको छवि बनाउनुभएका माथवरसिंह बस्नेतले शाहीकालमा यस्तै काम गर्नुभएको थियो, प्रेस काउन्सिल अध्यक्षको हैसियतमा । त्यो काउन्सिल अहिलेको जस्तो थिएन । शाहीकालीन प्रेस काउन्सिल अभिव्यक्ति स्वतन्त्रताको पक्षमा जाने कल्पना किमार्थ गर्न सकिँदैन थियो । तर, अहिलेको प्रेस काउन्सिल प्रेस क्षेत्रको अभिभावक हो, सुख-दुःखको साथी हो, पत्रकारलाई अप्ठेरोमा साथ दिने निकाय पनि हो । यसले भर्खरै पत्रकारलाई दिइने उपचार खर्चलाई दोब्बर बनाएको छ । छात्रबृत्ति, उपकरण खरिदलगायतमा अनुदानको मात्रा बढाएको छ ।

कल्पना गरौँ- प्रेस काउन्सिल नभएको भए आज के हुन्थ्यो ? अदालत, वकिल, न्यायाधीशकहाँ पुग्ने, रिट, फिराद लेख्ने, तारिख धाउने, बहस गर्ने मान्छे खोज्दैको हैरानी हुन्थ्यो । यसो गर्दा पैसाको बर्बादी त छँदै छ, तनाव पनि बढ्ने नै भयो । अनि वर्षौंवर्षसम्म न्यायको खोजीमा रुमल्लिनुपर्थ्यो । अहिलेको परिस्थिति बिल्कुल भिन्न छ । त्यसैले प्रेस काउन्सिलले गरेको जायज काममा धिक्कार्ने, कराउनेतिर लाग्नुको सट्टा यसलाई बलियो बनाउनेतिर लाग्नु हामी सबैको कर्तव्य हो । पत्रकारहरूको साझा संस्था र नियामक निकाय हो यो । यसले कसैप्रति वैरभाव राखेर, भेदभावपूर्ण कार्यशैली अपनाउँदैन । न्यायको नाममा दूधको दूध, पानीको पानी छुट्ट्याउँछ । यस्तो हुँदैन थियो भने, विज्ञहरूबाट हुबहु ठहर गरिएका अखबारहरूको दुःख र मर्मको कदर गर्दै जोगाउने काममा ध्यान जाँदैनथ्यो । यो काउन्सिल केही नयाँ सोचसहित जाने पक्षमा क्रियाशील छ । यसलाई जोगाउनु, संरक्षण र सम्बर्द्धन गर्नु, यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिलाई अझ बलियो बनाउनु हामी सबैको कर्तव्य हो । भोलि हामी यसमा रहौँला, नरहौँला । पुरानो पात झरेर नयाँ पालुवा पलाउला । त्यो अलग कुरा हो । तर, व्यक्ति जो जहाँ पुगे पनि संस्था रहिरहन्छ । यसलाई भरथेग गर्नु, बल पुऱ्याउनु हामी सबैको कर्तव्य हो ।

# विषयसूची


१. भत्ताले भुत्ते बनाउँदै पत्रकारिता - शंकरप्रसाद खनाल १
२. सरकार, प्रेस काउन्सिल र आचारसंहिता - बिदुर खड्का ८
३. आमसञ्चार र राजनीतिबीचको सम्बन्ध -खिमलाल देवकोटा १५
४. नेपाली मिडिया कति जिम्मेवार ? - शोभा न्यौपाने २१
५. सरकारसँग सञ्चारको दूरी -प्रकाश सिलवाल २७
६. जान्नेलाई श्रीखण्ड, नजान्नेलाई खुर्पाको बिँड -अमृता लम्साल ३१
७. समाचारमा पनि 'लिंक'को जमाना ! - विराट अनुपम ३८
८. पत्रकारिताका भोगाइ र पीडा -विश्वमणि सुवेदी ४३
९. सूचना, सञ्चार र सरकारी सूचना प्रवाह -फणिन्द्र फुयाँल ज्वाला ४७
१०. नकारात्मकताको खेती मात्र किन ? -गोकुलप्रसाद बाँस्कोटा ५१
११. सूचनाको हक, नागरिक अधिकार र मिडिया-गोविन्द आचार्य ६०
१२. एउटा भयंकर अपराध -खिलबहादुर भण्डारी ६५
१३. नेपाली पत्रकारिताको पुनरावलोकन -डा. महेन्द्र विष्ट ७०
१४. न्यूज २४ टेलिभिजन र रवि लामिछानेबारे प्राप्त उजुरी र कारबाही प्रक्रियाको विवरण ७६
१५. रैबारे मरिजाओस् रैबार नमरोस् -बिनु पोखरेल ८४
१६. प्रविधिले फड्को मार्दा हामी संकुचित -दुर्गा भण्डारी ८८
१७. संविधान, न्यायपालिका र राजनीति -टीकाराम भट्टराई ९४
१८. अभिव्यक्ति स्वतन्त्रता र मानवअधिकारको अवस्था -हरिविनोद अधिकारी १०५

१९. स्वतन्त्र प्रेस र 'सेल्फ सेन्सरसिप' -टिकाराम सुनार ११२
२०. दोषीलाई दण्ड, स्वच्छलाई पुरस्कार -रामकृष्ण भण्डारी १२४
२१. सच्चिनको निम्ति अवसर सबैलाई -सम्झना पौडेल १३२
२२. कर्पोरेट हाउसहरूको प्रभावमा पत्रकारिता -गजेन्द्र बुढाथोकी १४३
२३. पत्रकार गुमाउँदा बन्द भएको बोली -मोतीराम तिमल्सिना १४८
२४. पहिले आफैँ थाहा पाऊँ -बैकुण्ठ ढकाल १५२
२५. संयमता गुमाउँदै सामाजिक सञ्जाल -सुदर्शन आचार्य १५६
२६. पत्रकारिता जागीर हो र ? -दर्शन शर्मा १६०
२७. कम्युनिष्ट देशमा अन्धविश्वास ! –चेतनाथ आचार्य १६४
२८. निर्मला प्रकरणले निम्त्याएका सवाल -अधिवक्ता खिमा रिजाल १७३
२९. थारू म्यागेजिनको अवस्था -कृष्णराज चौधरी १७७
३०. 'आची' मै हात डुबाएपछि कुन साबुनले पखाल्नु खै ?- नारायण नेपाल १८३
३१. पत्रकारका कर्तव्य र अदालती आदेश १८७
३२. भाषिक पत्रकारिताको उत्थानका निम्ति १९२